# कृषि सिंचाइका लागि सौर्य पम्पिङ्ग प्रणालीको जडान, अनुदान, रेखदेख तथा मर्मत सम्भारका लागि केन्द्र, सम्बन्धित कृषक/उपभोक्ता समिति बीच सम्झौता पत्र २०८१/८२

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (यस पछि केन्द्र भनिने), आ.व. २०८१/८२ मा कृषि सिंचाइका लागि सौर्य पम्पिङ्ग प्रणाली जडानको लागि छनौट भएको कृषक/उपभोक्ता समिति......................................................................................................................................... (यस पछि कृषक/उपभोक्ता समिति भनिने) र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, ताहाचल, काठमाडौं बीच कृषि सिंचाइका लागि सौर्य पम्पिङ्ग प्रणाली जडान, रेखदेख तथा मर्मत सम्भारका साथै अनुगमन गर्न, गराउनको लागि निम्न बुँदाहरुमा सम्झौता गरियो ।

१. "नविकरणीय ऊर्जा अनुदान नीति २०७८" र "अनुदान परिचालन कार्यविधि २०७९" अर्न्तगत सरकारले कृषि सिंचाइका लागि सौर्य पम्पिङ्ग प्रणाली जडानको लागि अनुदान उपलब्ध गराउनेछ ।

२. कृषि सिंचाईका लागि सौर्य पम्पिङ्ग प्रणालीको खरिदको सम्पूर्ण जिम्मेवारी कृषक/उपभोक्ता समितिको हुनेछ । कम्तिमा केन्द्रमा सुचिकृत मध्ये ३ वटा कम्पनीसँग दरभाउ माग गर्नुपर्ने छ । न्युनतम रकम कवोल गर्ने कम्पनीसँग सम्झौता गरि जडानको प्रक्रिया अघि बढाउनु पर्नेछ तर केन्द्रले प्रकाशन गरेको सन्दर्भ मूल्यसूची भन्दा बढी लागत हुनेछैन ।

३. प्रणाली जडान भएपश्चात् जडानकर्ता कम्पनी मार्फत केन्द्रले तोके बमोजिमका सम्पूर्ण कागजात सहित जडान सम्पन्न प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ । तत्पश्चात केन्द्रले अनुगमन गरी नियमानुसार जडान सम्पन्न भएको पाइएमा सम्बन्धित कृषक/उपभोक्ता समितिले गरिएको सिफारिसका आधारमा अनुदान रकम जडानकर्ता कम्पनीलाई उपलब्ध गराउने छ । कृषक/उपभोक्ता समितिले अनुदान बाहेकको रकम जडानकर्ता कम्पनीलाई उपलब्ध गराउनु पर्नेछ ।

४. अनुगमन गर्दा प्रचलित खरिद ऐन तथा नियमावली र "नविकरणीय ऊर्जा अनुदान नीति २०७८" र "अनुदान परिचालन कार्यविधि २०७९" मा व्यवस्था भएको प्रक्रिया बमोजिम मान्यता प्राप्त कम्पनी छनौट गरिएको र केन्द्रले तोकेको मापदण्ड बमोजिमका उपकरणहरु जडान भएका आयोजनालाई मात्र अनुदान रकम प्रदान गरिने छ ।

५. कृषि सिंचाईका लागि सौर्य पम्पिङ्ग प्रणालीमा प्रयोग हुने सम्पूर्ण सामान तथा उपकरणहरुको स्वामित्व र रेखदेखको जिम्मा सम्बन्धित कृषक/उपभोक्ता समितिको हुनेछ ।

६. वारेन्टी अवधिमा प्रणालीमा समस्या आइपरेमा सम्वन्धित कृषक/उपभोक्ता समितिले जडानकर्ता कम्पनीलाई जानकारी गराई मर्मत संभार गराउनु पर्नेछ ।

७. प्रणाली जडान पश्चात कुनैपनि समयमा केन्द्र आफैं वा खटाइएका कर्मचारीले कृषि सिंचाईका लागि सौर्य पम्पिङ्ग प्रणालीको निरिक्षण गर्न सक्नेछन् र सो समयमा कृषक/उपभोक्ता समितिले आवश्यक सहयोग गर्नुपर्नेछ ।

८. कृषि सिंचाईका लागि सौर्य पम्पिङ्ग प्रणाली दुई वर्षसम्म स्थान्नतरण गर्न पाइनेछैन र सो पश्चात गर्न परे केन्द्रको पूर्व स्वीकृती लिनुपर्नेछ ।

९. छनौट भएका कृषक/उपभोक्ता समितिले यो भन्दा पहिले केन्द्रबाट कृषि सिंचाईका लागि सौर्य पम्पिङ्ग प्रणालीको लागि अनुदान प्राप्त गरेको पाइएमा सो कृषक/उपभोक्ता समितिको छनौट स्वत: खारेज हुने छ ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
२०५३

यो सम्झौताको कार्यान्वयनमा कुनै विवाद वा अस्पष्टता भएमा केन्द्र र कृषक/उपभोक्ता समितिले यसलाई आपसी छलफल गरी सुल्झाउने छन् ।

केन्द्र र कृषक/उपभोक्ता समितिले माथि उल्लिखित शर्त तथा प्रावधानहरुमा सहमत भई यो सम्झौता तल उल्लेखित मितिमा दुई प्रति सक्कल पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं ।

**केन्द्रको तर्फबाट**

................................

नाम :

पद :

मिति :

**साक्षी :**

..................................

नाम :

पद :

मिति :

**कृषक/उपभोक्ता समितिको तर्फबाट**

..........................................

नाम :

पद :

ठेगाना :

मिति :

छाप (उपभोक्ता समितिको हकमा):

**साक्षी :**

..................................

नाम :

पद :

मिति :

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
२०५३